नगर कार्यपालिकाको कार्यालय रोल्पा नगरपालिका लिवाङ, रोल्पा २०७३

# स्थानीय राजपत्र


रोल्पा नगरपालिकाद्वारा प्रकाशित

खण्डः भाग-२ संखयाः १ मिति २०७९/५/१


# पकेट विकास कार्यक्रम संचालन कार्यविधि

## २०७९

प्रस्तावना :

रोल्पा नगरपालिका विविधतापूर्ण कृषि तथा पशुजन्य उत्पादनको सम्भावना बोकेको नगरपालिका हो निर्वाहमुखी कृषि प्रणाली अपनाउदै आएको यस नगरपालिकामा भौगोलिक एवं जलवायु विविधताका कारण थुप्रै कृषि उपजहरुको व्यवसायिक उत्पादनको पनि उत्तकै प्रवल सम्भावना रहेको छ । यसै समुभावनालाई मध्यनजर गर्दै नगरपालिका भित्र व्यावसायिक कृषि क्षेत्रको सशक्तिकरणका लागि साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) को स्थापनाको लागि पकेट विकास कार्यक्रम संचालन कार्यविधि २०७९ स्वीकृत गरी जारी गरिएको छ

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त ना र प्रारम्भः** १ यस कार्यविधिको नाम पकेट विकास कार्यक्रम संचालन कार्यविधि २०७९ रहेको छ यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **अनुदान** भन्नाले यस कार्यविधि अनुरुप पकेट विकास कार्यक्रम संचालन गर्नका लागि उपलब्ध गराईने वस्तुगत वा नगद सहयोग सम्झनु पर्दछ ।

ख) **कृषक समुह** भन्नाले नियमानुसार दर्ता भएका किसानहरुको समुहलाई सम्झनु पर्दछ ।

ग) **सहकारी** भन्नाले कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि सहकारी सम्झनु पर्दछ ।

घ) **कृषि फर्म** भन्नाले व्यावसायिक रुपमा कृषि उपजको उत्पादन गर्ने निजी वा सामुहिक इकाईलाई सम्झनु पर्दछ ।

ङ) **कार्यविधि** भन्नाले रोल्पा नगरपालिका अन्तर्गत संचालित पकेट विकास कार्यक्रम संचालन कार्यविधि २०७९ लाई सम्झनु पर्दछ ।

च) **नगरपालिका** भन्नाले रोल्पा नगरपालिकालाई सम्झनु पर्दछ ।

छ) **पकेट** भन्नाले बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्युनतम आधार पूरा गरेका र उत्पादनको प्राथमिक इकाईको रुपमा रहेका व्यावसायिक कृषिको निश्चित क्षेत्रलाई साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) सम्झनु पर्दछ ।

ज) **समिति** भन्नाले पकेट कार्यक्रम संचालन समन्वय समिति सम्झनु पर्दछ ।

झ) **सम्झौता** भन्नाले नगरपालिका र आवेदक विच कार्यविधि अनुरुप पकेट कार्यक्रम संचालनमा हुने लिखित समझदारीलाई सम्झनु पर्दछ ।

३. उद्देश्यः कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् (क) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी पकेटमा समाबेश गरिएका बाली वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७४

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

(ख) पकेट क्षेत्रमा कृषि उत्पादन सामग्री आपूर्ति तथा प्राविधिक सेवा प्रवाह गर्नु ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

४. **पकेट निर्माणः** पकेट कार्यक्रम संचालन गर्न चाहेने कृषक/उद्यमी/समुह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताको आधारमा नगरपालिकामा निवेदन दिन सक्नेछन् र प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरि पेश गरेको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण हुनेछ ।वा वार्षिक कार्यक्रम अथवा कार्यपालिकाको निर्णयबाट पनि पकेट क्षेत्र निर्धारण हुनेछ ।

५. **पकेट कार्यक्रम संचालन हुने स्थानः** यस कार्यविधि अनुरुप संचालन हुने पकेट कार्यक्रम रोल्पा नगरपालिका क्षेत्रभित्र संचालन हुनेछन् ।

६. **कार्यक्रममा सहभागी हुन सक्ने आवेदक र अनुदान प्राप्त गर्न आवश्यक न्युनतम योग्यताः** कार्यविधि बमोजिम संचालन हुने पकेट कार्यक्रममा देहाय बमोजिमका आवेदन सहभागी हुन सक्नेछन :

(क) नियमानुसार दर्ता भएका कृषक समुहहरु ।

(ख) नगरपालिकामा कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी

(ग) नियमानुसार दर्ता भएका कृषि फर्म/कम्पनीहरु ।

(घ) पकेट विकास कार्यक्रम संचालन समन्वय समिति ।

७. **पकेटको लागि क्षेत्रफल/संख्याः**

(क) खाद्यान्न बाली १२ हेक्टर

(ख) आलु र तरकारी बाली ७ हेक्टर

(ग) दलहन, तेलहन, मसला र फलफूल बाली ७ हेक्टर

(घ) मौरी ३०० गोला

(ङ) कन्ये तथा गोब्रे च्याउ १००० के.जी. बीउ

(च) सिताके च्याउ ५०० मुडा संख्या

(छ) प्लाष्टिक घर निर्माण १० वटा

(ज) गाई उन्नत १०० वटा

(झ) भैसी उन्नत ८० वटा

(ञ) बाखा उन्नत ५०० वटा

(ट) बंगुर ५० वटा

(ठ) माछा १ हेक्टर

(ड) ट्राउट माछा (रेसवे) १००० वर्ग मिटर

८. **पकेट संख्या र कार्यक्रम संचालन अबधिः** स्थानीय सम्भाब्यताका आधारमा छनौट गरि कार्यक्रम संचालन गर्न सकिनेछ । यी पकेटहरुमा सघनरुपमा सामुहिक खेती, सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती हुने गरी बढिमा १ वा २ आर्थिक वर्षसम्म पकेट कार्यक्रम संचालन

रोल्पा नगरपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७४

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

हुनेछन । स्थायीय सम्भाव्यताका आधारमा पालिकाको कम्तिमा ५०% देखि १००% सम्म अनुदान लगानीको आधारमा यस्तै किसिमको पकेट कार्यक्रम संचालन गर्न सकिनेछ । अनुदानको प्रतिशत निर्धारण वार्षिक कार्यक्रम वा कार्यपालिकाको निर्णयबाट निर्धारण गर्न सकिनेछ । १ वा २ वर्ष पछि त्यस्ता पकेटहरुको कार्य प्रभाकारीताका आधारमा निरन्तरता समेत दिन सकिनेछ ।

९. पकेट क्षेत्र निरधार्ण र कार्यक्रम स्वकृत गर्ने व्यवस्था

(क) राष्ट्रिय आवश्यकता एवं नगरपालिकाको सम्भाव्यताको आधारमा बाली/वस्तु बिशेषको पकेट क्षेत्र संचालन गर्न इच्छुक लक्षित समुदाय/वर्गले नगरपालिकामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन तथा तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ । अथवा नगर सभा/कार्यपालिककाे बैठक/वार्षिक कार्यक्रमले पनि पकेट क्षेत्रको स्थान निर्धारण गर्न सक्ने छ । साथै त्यस्ता पकेटमा पालिकाले सोझै कार्यक्रम संचालन गरि अनुदान दिन सक्ने छ ।

(ख) बाली/वस्तु विशेषको पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ जसमा

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

पशु सेवा शाखा प्रमुख - सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(ग) प्राविधिक समितिले जिल्लामा कृषि/पशु सेवा हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधिलाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(घ) प्राविधिक समितिले देहायको आधारहरुमा अध्ययन गरी पकेट क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयार गर्नेछ :

(अ) अनुसूची-३ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तु ।

(आ) नगरपालिकामा रोजगारी सृजना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तु ।

(इ) आयात प्रतिस्थापन/आत्मनिर्भरतामा सहयोग पुर्याउने बाली/वस्तु ।

(ई) सिंचाई, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पुर्वाधार भएको ।

(उ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटा गाउँ/वस्ती/क्लष्टर वा मापदण्ड नपुगेको खण्डमा २ वा सो भन्दा बढि वडा ।

(ऊ) नगरपालिकाबाट छनौट भएको पकेट क्षेत्र, बाली/वस्तु, क्षेत्रफल लगायतको विवरण ।

(ऋ) माथिको जे प्रक्रिया उल्लेख भए पनि पकेट क्षेत्र निरधार्ण र कार्यक्रम स्वकृत गर्ने व्यवस्थाको काम कार्यपालिकाको बैठकले निर्णय गरी गर्न सक्नेछ ।

१०. कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौट

(क) नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका देहाय मध्यबाट इच्छुक लक्षित समुदाय/वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसूची २ बमोजिमको ढाँचामा आवेदन आह्वान गर्नेछ ।

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

(अ) नियमानुसार दर्ता भएका कृषक समुहहरु

(आ) नियमानुसार कृषि कार्य गर्ने उद्देश्य सहित दर्ता भएका सहकारीहरु

(इ) नियानुसार दर्ता भएका कृषि फर्म/कम्पनीहरु

(ई) पकेट संचालन गर्नका लागि पालिकाबाट गठन गरिएका संचालन समितिहरु

(ख) पकेट कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले नगरपालिकाले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची १ बमोजिम तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(ग) पकेट कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची ३ बमोजिमको मुल्याङ्कन मापदण्ड र चकलष्ट मुल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मुल्याङ्कन गर्नेछ र मुल्याङ्कनको आधारहरुलाई समितिले आवश्यकता अनुसार विस्तृतिकरण समेत गर्न सक्नेछ ।

(घ) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ ।

(ङ) प्राविधिक समितिले प्राप्त आवेदनहरुको मुल्याङ्कन गरि प्राथमिकताक्रम तोकी निर्णयका लागि पालिका अन्तर्गतको आर्थिक विकास समिति समक्ष पेश गर्नेछ ।

(च) नगरपालिकाले उपलब्ध वार्षिक वजेटको आधारमा लक्षित वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(छ) माथिको जे प्रक्रिया उल्लेख भए पनि कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौटको काम कार्यपालिकाको वैठकले निर्णय गरी गर्न सक्नेछ ।

११. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम संचालन प्रक्रिया

(क) पकेट क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गर्नुपर्नेछ तर तोकिए बमोजिमको न्युनतम क्षत्रफल वा संख्या नपुगेको पकेटको हकमा क्षत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा संचालन गर्नुपर्नेछ ।

(ख) पकेट संचालनको कृषि तर्फका बाली/वस्तुको हकमा वीउ/विरुवा/संख्या/क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न कार्यपालिकाले निर्णय अनुसारको रकम परिचालन गर्नुपर्नेछ ।

(ग) पकेट संचालन समन्वय समितिले लाभन्वित वर्गको सहभागितामा उनिहरुको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छटौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गरी सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(अ) तालिम

(आ) भ्रमण

(इ) सहभागितात्मक नवीनतम उत्पादन प्रविधि प्रदर्शन (प्लाष्टिक घर, हाइटेक टनेल निर्माण तथा कृषक पाठशाला संचलन, कृषि मेला प्रदर्शनी आदि)

(ई) वीउ/वेर्ना/विरुवा/पशु नश्ल एवं विषादी आदि खरिद

(उ) कृषि औजार/उपकरण आदि खरिद

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

(ऊ) सिंचाई पुर्वाधार निर्माण

(ऋ) अन्य पूर्वाधार (रष्टिक स्टोर, सेलार स्टोर, चिस्यान केन्द्र, संकलन केन्द्र, हाट बजार, बधशाला, आदि) निर्माण

(ऌ) भकारो सुधार, गोठ/खोर सुधार/निर्माण, माछा पोखरी निर्माण

(ऍ) नर्सरी/स्रोत केन्द्र स्थापना

(ऐ) प्रतिफलमा आधारित अनुदान

(ए) ढुवानीमा अनुदान

## परिच्छेद ३
## समझौता र भुक्तानी

१२. **सम्झौता र अनुदान रकम भुक्तानी**

(क) स्वीकृत भएका लाभग्राहीसँग नगरपालिकाले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्य योजना सहित अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गरी कायदिश दिनुपर्नेछ ।

(ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानुन अनुसार अनुदान रकम भुक्तनी गर्नुपर्नेछ ।

१३. **जनशक्ति व्यवस्थापन**

पकेट विकास कार्यक्रमको इकाई नगरपालिकाको कृषि/पशु विकास शाखामा रहनेछ । पकेट संचालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

१४. **पकेट संचालन समन्वय समिति**

(क) नगरपालिकाले पकेट कार्यक्रम संचालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी एक पकेट संचालन समन्वय समिति गठन गर्नेछ ।

(ख) तोकिएको क्षेत्रफल भएको पकेट एक मात्र कृषक वा संस्थाले संचालन गर्ने भएमा सोही संस्थाको प्रोप्राइटर वा संचालकले नै पकेट संचालन समन्वय समितिको भूमिका निर्वाह गर्नेछ ।

(ग) एक भन्दा बढि कृषक वा संस्थाले तोकिए बमोजिमको पकेट संचालन गर्ने भएमा पकेट कार्यक्रममा संलग्न सबै कृषक वा संस्थाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय पकेट संचालन समन्वय समिति गठन गरिनेछ । यसरी गठन हुने समितिमा कम्तीमा २ महिला सदस्य हुनु पर्नेछ । समिति सदस्य मध्यबाट एक जना संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि १ वा २ आर्थिक वर्षको हुनेछ । विगत देखि संचालनमा रहेका पकेट संचालक समिति बाँकी अवधिका लागि पकेट संचालन समन्वय समितिमा रुपान्तरण हुनेछ ।

(घ) पकेट संचालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः

रैनादेवी छहरा नगरपालिका नगरकार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

(अ) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पुर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने ।

(आ) पकेट क्षेत्र अन्तर्गतका कृषक समुह, सहकारी, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी कृषिसँग सम्वन्धित कम्पनी वा फर्महरुको विवरण अध्यावधिक गर्ने सहजिकरण गर्ने ।

(इ) सहभागितात्मक रुपमा प्राविधिकको सहयोगमा १ वा २ आर्थिक वर्षको पकेट संचालन कार्य योजना तयार गर्न सहजिकरण गर्ने ।

(ई) पकेट अन्तर्गत संचालन हुने प्रविधिहरुको प्रसारमा स्थानीय तहको कृषि/पशु विकास शाखालाई सहजिकरण गर्ने ।

(उ) पकेट क्षेत्र अन्तर्गत सामुहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती प्रवर्द्धनमा सहजिकरण गर्ने ।

(ऊ) पकेट विकासको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमामा पालिकासँग समन्वय गर्ने ।

(ऋ) पकेट विकास कार्यक्रमको नियमित अनुगमन एवं पृष्ठपोषणमा पालिका शाखालाई सहजिकरण गर्ने ।

(ऌ) संचालित पकेटको प्रोफाइल तयार गर्न सहजिकरण गर्ने ।

१५. **अनुगमन तथा मुल्याङ्कन र प्रगति प्रतिवेदन**

(क) अनुगमन तथा मुल्याङ्कनः नगरपालिकाले पकेट विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ । नगरपालिका र पकेट संचालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सहजिकरण गर्नु पर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन**

नगरपालिकाको कृषि/पशु विकास शाखाले चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी पेश पर्नेछ ।

## परिच्छेद-४
## अनुदान प्रक्रिया

१६. अनुदान प्रक्रिया

(१) भौतिक पूर्वाधार निर्माणमा ८५% अनुदान दिइनेछ ।

(२) सिपमुलक कार्यक्रम (तालिम, भ्रमण, कृषक पाठशाला/कृषि मेला प्रदर्शनी, गोष्ठि/वैठक) आदिमा १००% अनुदान दिइनेछ ।

(३) सामाग्री/वस्तु खरिद (बीउ, विरुवा, विषादी, मल, औजार/उपकरण, पशुपन्छी, औषधी आदि) मा ५०-१००% अनुदान दिइनेछ । (अनुदान प्रतिशत वार्षिक कार्यक्रम वा कार्यपालिकाको निर्णयले निर्धारण गर्नेछ)

शीतगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

(४) ढुवानीका काममा १००% अनुदान दिइनेछ ।

(५) अनुदानको निर्धारण वार्षिक कार्यक्रम वा नगर कार्यपालिकाले पनि निर्धारण गर्न सक्ने छ ।

## परिच्छेद-५

### १७.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (output based incentive) कार्यक्रम

१ परिचयः रोल्पा नगरपालिका अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमी र कृषि कम्पनीहरुलाई तोकिएको बाली वस्तुको निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा उत्पादन गर्ने वा तोकिएको परिमाण वा सो भन्दा बढी उत्पादन गर्ने वा बजारीकरण गर्ने कृषक, कृषक समुह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमी र कृषि कम्पनीहरुलाई उत्पादन वृद्धिमा प्रोत्साहित गर्न प्रतिफलमा आधारित पोत्साहन अनुदान प्रदान गरिनेछ ।

२ उद्धेश्यः रोल्पा नगरपालिका अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमी र कृषि कम्पनीहरुलाई कृषि उपजहरुको उत्पादन वृद्धिका लागि उत्पादनमा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ ।

३ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (output base incentive) उपलब्ध गराउने आधारहरु

**(क) उत्पादकत्व वृद्धिको आधारमा प्रोत्साहन अनुदानः** रोल्पा नगरपालिकामा माटोको उर्वरा शक्ति उन्नत उत्पादन सामग्रीको उपलब्धता र उन्नत उत्पादन प्रविधि अवलम्बन लगायतको आधारमा पालिकाले तोकिएको वाली/वस्तुको गत आ. व. भन्दा कम्तिमा १० % उत्पादकत्व वृद्धिको लक्ष्य निर्धारण गर्नेछ । यसरी निर्धारण गरिएको लक्ष्य सो बालीको सम्बन्धित जातका लागि उक्त क्षेत्रको औषत उत्पादकत्व भन्दा बढी हुनेगरी निर्धारण गर्नुपर्नेछ । तोकिए बमोजिम उत्पादकत्व वृद्धिको लक्ष्य हासिल गर्ने कृषकलाई प्रति हेक्टर १० हजार रुपैयाँ (वा कार्यपालिकाको निर्णयले तोके अनुसार) नबढ्ने गरी अनुदान उपलब्ध गराईने छ । पकेट क्षेत्र भन्दा बाहिरका कुनै कृषकले व्यासायिकरुपमा खेतीपाती वा पशुपन्छी पालन गरेको हकमा नगर कार्यपालिकाले निर्णय गरि अनुदान दिन सक्नेछ ।

**(ख) क्षेत्रफल विस्तार/संख्या वृद्धिको आधारमा प्रोत्साहन अनुदानः** स्थान विशेषमा खेती गरिएका सिजनल वाली/फलफूल बालीहरुमा क्षेत्रफल विस्तारको वा पशुपन्छीको संख्या वृद्धिको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ । यस प्रकारको प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि उपज उत्पादन गर्नु पर्नेछ । यसरी अनुदान वितरण गर्दा विनियोजित बजेट परिधिभित्र रही प्रतिहेक्टर १० हजार रुपैयाँ वा प्रति पशु (गाई/भैसी) रु १० हजार, भेडा/बाखा रु ५ हजार वा प्रति पन्छी रु ५ सय वा उन्नत गाई/भैसी व्याएमा प्रति वटा रु ५००० (सुत्केरी भत्ता स्वरुप) साथै फलफूल वालीको बिरुवा रोपनमा खाडल खन्न र मालको लागि प्रति

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (मगर)
नगर प्रमुख

खाडल रु १०० (वा कार्यपालिकाको निर्णयले तोके अनुसार) नबढ्ने गरी अनुदान उपलब्ध गराईने छ । यस्तो अनुदान कृषिको हकमा सम्बन्धित पकेटका कृषक समुह/कृषि सहकारी/पकेट कार्यक्रम संचालन समन्वय समितिहरुलाई उपलब्ध गराइनेछ तर पशुपन्छीको हकमा व्यक्तिगतरुपमा दिन सकिनेछ ।

(ग) **बजारीकरणको आधारमा प्रोत्साहन अनुदानः** यस प्रकारको प्रोत्साहन अनुदान संस्थागत रुपमा वा रोल्पा नगरपालिकाले संचालनमा ल्याएको वा पालिकाले संचालन गर्न अनुमति दिएका हात बजार, संकलन केन्द्र, दुध डेरी आदिमा ल्याई बिक्री गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरुलाई उपलब्ध गराईनेछ । कृषिजन्य उत्पादनहरु तरकारीमा प्रति के. जी. रु ५, फलफूल प्रति के. जी. रु ५, बढिमूल्यका बाली जस्तै अलैंची प्रति के. जी. रु ५०, रेशम कोयामा प्रति कोया रु १, मसला बाली प्रति के. जी. रु १०, आलु प्रति के जी रु ५ । पशुजन्य उत्पादनहरुः दुधमा प्रति लिटर रु.२, खसी बोकाको हकमा प्रति के.जी. (जीवित तौल) ५० रुपैयाँ र बंगुरको हकमा प्रतपि के. जी. (जीवित तौल) ५० रुपैयाँ र महको हकमा प्रति के. जी. १०० रुपैयाँको दरले संस्थागत रुपमा वजारीकरण गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने छ । साथै नगरपालिका भित्रका कषकहरुले उत्पादन गरेका कृषि तथा पशुपन्छीजन्य उत्पादन जिल्ला बाहिर निर्यात गर्दा कृषिजन्य उत्पादन प्रति क्वीन्टल रु ५०० र पशुजन्य उत्पादन (ठुलो पशु) प्रति गोटा रु २०००, साना पशु रु १००० (वा कार्यपालिकाको निर्णयले तोके अनुसार) अनुदान निर्यात कर्ता सस्था (कृषि सहकारी संकलन केन्द्र हाट बजार) लाई ढुवानीमा अनुदान दिन सकिनेछ । बाली वस्तुहरुको रेकर्ड नगरपालिका वा संचालक संस्थाले राखि अनुगमन तथा मूल्याकन समितिको प्रतिवेदन र सिफारिस सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्ने छ ।

(घ) **स्रोत बीउ उत्पादनमा अनुदानः** प्रमाणीकरण पद्धति अनुसार उत्पादन भएको मूल, प्रमाणित र उन्नत बीउमा प्रति केजि रु ५ (वा कार्यपालिकाको निर्णयले तोके अनुसार) प्रोत्साहन अनुदान उपलब्ध गराउन मिल्नेछ ।

४ सञ्चालन विधि

(क) सूचना प्रकाशनः नगरपालिकाले सूचना प्रकाशन गर्नेछ ।

(ख) अनुगमन तथा मुल्याङ्कनः कार्यक्रमको अनुगमन तथा मूल्याकन नगरपालिकाको नगर उप प्रमुखको संयोजकत्वमा गठित कार्यक्रम अनुगमन समितिले सम्वन्धित क्षेत्रको विज्ञको सहभागितामा प्रोत्साहन अनुदान कार्यक्रमका लागि निर्धारण भएको क्षेत्र विस्तार उत्पादकत्व वृद्धि र बजारीकरण परिमाण अनुगमन मूल्याङ्कन गरी अनुगमन प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गर्नेछ ।

(ग) उत्पाकदत्व वृद्धिको आधारमा उपलब्ध गराईने प्रोत्साहन अनुदान वितरणका लागि तोकिएको लक्ष्य प्राप्त भए नभएको मापनका लागि सिष्टेम्याण्टिक रयाण्डम स्याम्पलिङ्ग (systematic

नगर कार्यपालिकाको कार्यालय रोल्पा नगरपालिका लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

random sampling) का आधारमा फर्म/व्यक्तिगत भए क्षेत्रफलको आधारमा प्रति रोपनी ५, वटा पकेटमा कम्तिमा ५० वा पकेट क्षेत्र भित्रका तोकिएको बाली लगाएका प्रति कृषक कम्तिमा ३ वटा नमुना क्रप कटिङ्ग गरिनेछ । तोकिएको क्षेत्रमा लगाइने बालीको तोकिएको लक्ष्य अनुरुपको उत्पादकत्व हाँसिल भएमा तत् तत् क्षेत्रमा कृषि बाली उत्पादनमा संलग्न कृषकहरुले सम्वन्धित्त संस्था मार्फत उपलब्ध वजेटको सीमाभित्र रही तोकिएको प्रोत्साहन अनुदान प्राप्त गर्नेछन् ।

(घ) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनको लागि लक्ष्य निर्धारण क्रप कटिङ्ग औषत उत्पादकत्व प्रविधि प्याकेज लगायतका विषयमा नगरपालिकाले निर्धारण गर्नुपर्नेछ ।

(ङ) यसरी उपलब्ध गराईने प्रोत्साहन अनुदान बढीमा पकेटको हकमा दुई आर्थिक वर्षसम्मको लागि उपलब्ध गराईनेछ । यस्ता प्रोत्साहन अनुदानलाई विक्री परिमाणको आधारमा दिने गरी क्रमशः रुपान्तरित गरिनेछ ।

(च) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धमा बाली/वस्तु एवं जात छनौट मापदण्ड प्रक्रिया लगायतका विषयमा नगरपालिकाले आवश्यकता अनुसार तोक्नेछ ।

## परिच्छेद-६
## विविध

१८.बाधा अड्काउ फुकाउने :

(१) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यस कार्यविधिको संशोधन आवश्यक भएमा कार्यपालिकाले आवश्यकता अनुसार आंशिक वा पुरै संसोधन गर्न सक्नेछ ।

(३) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(४) यस कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

१९. खारेजी र वचाउ

१. स्थानीय तहमा संचालित कृषि कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ ।

नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

अनुसूची-१

दफा ९ को (क) सँग संबन्धित

मिति

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोल्पा नगरपालिका
लिवाङ रोल्पा

विषयः प्रस्ताव पेश सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तपशिलका कृषक/समुह/सहकारी संस्था/फर्म/ कृषि उद्यमिहरु यस रोल्पा जिल्ला रोल्पा नगरपालिका भित्र कमाण्ड क्षेत्र रहने गरी व्यावसायीक रुपमा उत्पादन गरी संचालन गर्न इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौ ।

| क्र.स. | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कम्पनी | ठेगाना | सम्पर्क नं. | अध्यक्ष/संचालकको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदनका साथ संलग्न कागजातहरु

१. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. पकेट कार्यक्रम माग गर्ने संस्थाको समितिको निर्णयको प्रतिलिपी ।
३. कार्यक्रम संचालन हुने वडाको सिफारिस ।
४. स्थायी लेखा दर्ता हुनेको हकमा कर चुक्ताको प्रतिलिपी ।

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

निवेदक
नामः
हस्ताक्षरः
संस्थाको छापः

अनुसूची-२

दफा १० को (क) सँग संबन्धित

सूचना नं.

सूचना प्रकाशित मिति

आ.व.....मा पकेट विकास कार्यक्रम तर्फ रोल्पा नगरपालिका अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/सहकारी/कृषि फर्म/कम्पनी/पकेट संचालन समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात मिति .... गतेसम्म यस नगरपालिकाको कार्यालयमा तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि रोल्पा नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

पकेट कार्यक्षेत्र कार्यक्रमहरु

निवेदन साथ पेश गर्नुपर्ने कागजागहरु

- निवेदन
- सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी
- संस्था दर्ता प्रमाण पत्र
- संस्थाको निर्णय
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- कार्यक्रम संचालन हुने स्थानको जग्गाको लापुर्जाको प्रतिलिपी
- भाडामा लिएको हकमा कम्तिमा ५ वर्षको सम्झौता

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

अनुसूची-३

दफा १२ को (क) सँग संबन्धित

# सम्झौता-पत्र

## रोल्पा नगरपालिका पकेट विकास कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र

रोल्पा नगरपालिकाको पकेट विकास कार्यक्रम संचालन कार्यविधि २०७९ र कार्यपालिकाको निर्णय मिति ........ गतेको निर्णय बमोजिम रोल्पा नगरपालिकाको ... पकेट कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. ... (यस पछि दोस्रो पक्ष भनिने) र रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ रोल्पा (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौँ/दियौं।

१) सम्झौता गर्ने पक्ष र कार्यक्रम

क) .. पकेट कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. ....बाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिः

१) नामः

२) प्रतिनिधत्व गर्ने समूह/सहकारीको नामः

३) ठेगानाः

ख)पकेट स्थलको विवरण

१) रोल्पा नगरपालिका ...

ग) कार्यक्रम कार्यान्वयन अवधि

१) शरु हुने मितिः

२) सम्पन्न हुने मितिः

२) पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरणः

क) कार्यक्रमको नामः .....पकेट विकास कार्यक्रम

ख) कार्यक्रमको किसिमः

ग) कार्यक्रमको कुल लागत रु (अक्षेरुपी )

घ) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१) कृषक परिवार संख्याः

२) जनसंख्याः

३) समुदायः दलित जनजाति र अन्य

४) दलित/ जनजाति /

४ सम्झौताका शर्तहरुः

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

४.१ यो सम्झौता पत्र रोल्पा नगरपालिकाको ..... पकेट विकास कार्यक्रम कार्यान्वयन गर्न यस नगरपालिका अन्तर्गतको .... पकेट विकास कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. .. र रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ रोल्पा बीच ... पकेट स्थापना/सहयोग गर्ने प्रयोजनाको लागि प्रयोग गरिनेछ । यस ... पकेट विकास कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. ... देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको पूर्वाधार निर्माण/ मेशिनरी उपकरण सामग्री खरिद एवं व्यवस्थापन गरिने छ ।

| क.स. | मेशिन उपकरणको नाम | स्पेशिफिकेशन | मोडेल |
|---|---|---|---|
| | | | |

४.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

४.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

४.४ दोस्रो पक्षले यस कार्यक्रम सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको भौतिक निर्माणमा १५ प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चित गर्नु पर्नेछ ।

४.५ दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

४.६ दोस्रो पक्षले यस कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा रोल्पा नगरपालिका वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.७ दोस्रो पक्षले यस कार्यक्रम अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी/गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ । यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्यरुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न गरेको कागजात पेश गर्नु पर्नेछ ।

४.८ यस कार्यक्रमको निर्माण/तालिम/भ्रमण/मेशनरी उपकरण/बीउ मल खरिद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

४.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु ... (अक्षरुपी ...) मा नबढ्ने गरी नियामानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामग्री आपूर्तिकर्ता/ मेशनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्ने छ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा बिल विजक पेश गर्नु पर्नेछ ।

४.१० दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित ... पकेट विकास कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. .....को हुनेछ ।

४.११ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारवाही(व्यवसायिक योजना, डिजाईन,इष्टिमेट अनुसार) सम्पन्न गरी कार्यक्रम सञ्चालनमा ल्याउन पर्नेछ ।

४.१२ दोस्रो पक्षले कार्यक्रमको कार्यान्वयनमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ ।

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

४.१३ दोस्रो पक्षले कार्यक्रम शुरु गर्नु भन्दा पूर्व, कार्यक्रमको निर्माण कार्य सञ्चालन हुदै गरेको र कार्यक्रम सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने विल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१४ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम कार्यक्रमको निर्माण/तालिम/भ्रमण/मेशनरी उपकरण/बीउ मल खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्र्याईको कारणबाट कार्यक्रमबाट निर्माण गरिएको पूर्वाधारहरु/मेशनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानून वमोजिम दिइएको अनुदान रमक दोस्रो पक्षबाट उपर गरिनेछ ।

४.१५ रोल्पा नगरपालिकाबाट निरीक्षणमा जाने प्राविधिकलाई निरिक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

४.१६ परियोजना सम्पन्न भई हस्तासरण भई सकेपछि सोको मर्मत सम्भार सम्वन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।

४.१७ निर्माण कार्य अथवा यस सम्वन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा  रोल्पा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

४.१८ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै वमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन वमोजिम हुनेछ ।

४.१९ दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता वमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.२० सम्झौताको सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन अनुसार हुनेछ ।

४.२१ स्थानीय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ ।

४.२२ अन्य कुनै बुँदामा थपघट गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा गरिने छ ।

४.२३ संलग्न फारामहरु

क) कार्यक्रमको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) कार्यक्रमकोबाट प्रत्यक्ष लाभान्वित हुने समूह/ कृषकहरुको नामबाली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्नेः

प्रथमम पक्षको तर्फबाट

नाम थरः

पदः

दस्तखत.........................

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख

दोस्रो पक्षको तर्फबाट

| ....., पकेट कार्यक्रम संचालन समन्वय समिति रोल्पा न.पा. ....बाट सम्झौता गर्ने आधिकारि प्रतिनिधि |
| --- |
| नामः |
| प्रतिनिधत्व गर्ने समुहको नामः |
| ठेगानाः |
| दस्तखतः |
| छाँपः |

| साक्षी १ | साक्षी २ |
| --- | --- |
| नामः | नामः |
| पदः () | पदः |
| दस्तखतः | दस्तखतः |

कार्यक्रमको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

| क्र.सं. | परियोजना क्रियाकलापहरु | इकाई | परिमाण | कुल लागत रु. | लागत व्यहोंने स्रोत | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | नगरपालिका | लाभग्राही |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा २०७३

सुरेन्द्र थापा (घर्ति)
नगर प्रमुख